मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सरकारी सुविधामा बसेर उम्मेदवारको प्रतिनिधि

हेटौंडा, ३ मंसिर/राष्ट्रिय भूमि आयोग मकवानपुरका अध्यक्ष विष्णु प्रसाद दाहाल निर्वाचन आचारसंहिता विपरित उम्मेदवारको मतदान केन्द्र प्रतिनिधि बनेका छन् । उनी गठवन्धनबाट मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ का उम्मेदवार विरोध खतिवडाको प्रतिनिधि बनेका हुन् । दाहाल नेकपा एकीकृत समाजवादी मकवानपुरका सचिवसमेत हुन् । एकिकृत समाजबादी जिल्ला कमिटीले पठाएको पत्रका आधारमा उनलाई निर्वाचन आचारसंहिता विपरित उम्मेदवारको प्रतिनिधि बनाइएको हो । सरकारी सुबिधा लिएर पार्टीका प्रतिनिधिका रुपमा उम्मेदवारका प्रतिनिधि बस्न नपाइने नियमको दाहालले उल्लघंन गर्न खोजेका हुन् । सरकारी पदमा रहेका दाहाललाई मतदान अधिकृतले पार्टी प्रतिनिधिका रुपमा राखेको भन्दै मुख्य निर्वाचन अधिकृतको कार्यालय मकवानपुरमा उजुरीसमेत परेको छ ।

प्रतिनिधिसभा प्रदेशसभा निर्वाचन-२०७९

# मकवानपुरमा आज ३ लाखभन्दा बढि मतदानमा सहभागी हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/आज मंसिर ४ गते आईतबार देशैभरि एकैपटक प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन हुँदैछ ।

आज हुन लागेको निर्वाचनमा मकवानपुरको ३ लाख ७ हजार ३३ मतदाता सहभागी बन्दैछन् । प्रत्यक्षतर्फ २ संघीय क्षेत्र र प्रदेशतर्फ ४ क्षेत्र रहेको निर्वाचनमा मकवानपुरको ३ लाख ७ हजार ३३ जना मतदाता सहभागी हुन लागेका हुन् । मकवानपुर क्षेत्र नम्वर-१ मा कुल मतदाता एक लाख ५० हजार एक सय ५५ जना रहेका छन् । जस मध्यमा पुरुष मतदाता ७४ हजार ९ सय ३० जना रहेका छन् । यस क्षेत्रमा महिला मतदाता ७५ हजार दुई सय २१ जना रहेका छन् । अन्य ४ जना मतदाता रहेका छन् । उक्त क्षेत्रमा ६२ वटा मतदान स्थलमा एक सय ७२ वटा मतदान केन्द्र रहेका छन् ।

१४ वटा राजनीतिक दलका १४ जना उम्मेदवार र दुई जना स्वतन्त्र गरी कुल १६ जना उम्मेदवार रहेका छन् । जसमा एक जना महिला र १५ जना पुरुष उम्मेदवार रहेका छन् । मकवानपुर क्षेत्र नम्वर-२ मा कुल मतदाता एक लाख ५० हजार पाँच सय ७८ जना रहेका छन् । जस मध्यमा पुरुष ७८ हजार पाँच सय ९८ जना रहेका छन् । उक्त क्षेत्रमा महिला मतदाता ७१ हजार नौ सय ७९ जना रहेका छन् । अन्य एक जना मतदाता छन् । सो क्षेत्रमा एक सय ५ वटा मतदान स्थलमा एक सय ९२ वटा मतदान केन्द्र रहेका छन् । यहाँ ९ वटा राजनीतिक दलका ९ जना उम्मेदवार रहेका छन् भने स्वतन्त्र एक जना गरी कुल १० जना उम्मेदवार बिचमा प्रतिस्पर्धा रहेको छ ।

मकवानपुर क्षेत्र नम्वर १ को (क) मा ७७ हजार नौ सय ८९ जना मतदाता रहेका छन् । जसमा पुरुष ४० हजार १ सय ११ जना छन् । महिला ३७ हजार ८ सय ७७ जना रहेका छन् । अन्यामा एक जना छन् । मकवानपुर क्षेत्र नम्वर-१ को (ख) मा कुल मतदाता ७२ हजार एकसय ६६ जना रहेका छन् । जसमा पुरुष ३४ हजार ८ सय १९ जना छन् । महिला ३७ हजार ३ सय ४४ जना रहेका छन् । अन्यमा ३ जना छन् । क्षेत्र नम्बर-१ को प्रदेशसभा (क) मा पुरुष मतदाता बढी रहेका छन् । प्रदेश (ख) मा महिला बढी मतदाता रहेका छन् ।

मकवानपुर क्षेत्र नम्बर-२ को (क) मा कुल मतदाता ८३ हजार ९९ जना छन् । यस क्षेत्रमा पुरुष ४२ हजार ८ सय ४३ जना छन् । महिला ४० हजार दुई सय ५५ जना छन् । अन्यमा एक जना छन् । क्षेत्र नम्बर-२ को (ख) मा कुल मतदाता ६७ हजार ४ सय ७९ जना रहेका छन् । यस मध्यमा पुरुष ३५ हजार ७ सय ५५ जना छन् । महिला ३१ हजार ७ सय २४ जना रहेका छन् । क्षेत्र नम्बर-२ को दुवै प्रदेशसभा क्षेत्रमा पुरुष मतदाता बढी रहेका छन् ।

**ढुक्क भएर मतदान गर्न आग्रह**

आज हुन लागेको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी पूरा भएकाले ढुक्क भएर मतदान गर्न निर्वाचन आयोगले आग्रह गरेको छ ।

मतदानका लागि मतपत्र र निर्वाचन सामग्रीसहित करिब दुई लाख ४६ हजार ९६० कर्मचारी एवं आवश्यकताअनुसारका सुरक्षाकर्मी मतदानस्थलमा पुगिसकेका छन् । आयोगले निर्वाचनको सञ्चालन र व्यवस्थापनसम्बन्धी सम्पूर्ण व्यवस्थापकीय कार्य सम्पन्न गरिसकेको र आवश्यक सुरक्षा व्यवस्था मिलाइ सकिएकाले मतदातालाई कसैको डर, धाकधम्की, प्रलोभनमा नपरी आफूलाई मन परेको राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन चिन्हमा मतदान गरी आफ्नो मताधिकार प्रयोग गर्न आग्रह गरेको हो ।

आयोगको प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मतदान सम्पन्न भएर अन्तिम नतिजा नआउँदासम्म निहीत राजनीतिक स्वार्थले निर्वाचनको निष्ठालाई आघात पुऱ्याउने गरी देशभित्र र बाहिरबाट सामाजिक सञ्जालमार्फत फैलिनसक्ने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिका कारण निर्वाचन व्यवस्थापन तथा सञ्चालन प्रभावित हुन सक्नेतर्फ आयोग सचेत रहेको बताए ।

आयोगले कसैले कसैलाई धाक, धम्की, डर वा त्रास देखाइवा अन्य कुनै किसिमले अनुचित प्रभावमा पारी कुनै निर्वाचन क्षेत्र वा मतदान केन्द्रमा निर्वाचनको कुनै काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम गरेमा निर्वाचनको काममा खटिएका कर्मचारी, सुरक्षाकर्मी, अनुगमनकर्ता, पर्यवेक्षक वा जो कोहीले आनो कर्तव्य सम्झी सूचना दिन, त्यस्तो कार्य रोक्न वा कानूनबमोजिम कारवाही गर्न विशेष निर्देशन दिएको छ ।

आयागले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित,



पारदर्शी एवं विश्वसनीय बनाउन आयोगले आवश्यक सुरक्षा प्रबन्ध मिलाइसकेको छ । निर्वाचन बिथोल्ने वा बहिष्कार गर्ने, बुथ कब्जा गर्ने, मतदातालाई मतदानको अवसरबाट वञ्चित गर्ने, डर, धाक, धम्की दिनेलगायतका कार्य गरी निर्वाचनको स्वच्छतामा असर पुऱ्याउने कुनै पनि गतिविधि रोक्न आवश्यक सुरक्षा रणनीति सहित सुरक्षाकर्मी परिचालन गरिएको छ ।

निर्वाचन सुरक्षाका लागि प्रत्येक मतदान केन्द्रमा आवश्यक सुरक्षाकर्मीसहित तीन घेराको सुरक्षा व्यवस्थाका अतिरिक्त ३० मिनेटभित्र पुग्न सक्नेगरी पर्याप्त सुरक्षाकर्मीको रिजर्भ फोर्सको व्यवस्था गरिएको छ । निर्वाचन सुरक्षा जोखिमका आधारमा आवश्यकता अनुसार सुरक्षा गस्ती परिचालन तथा क्षेत्रगत संवेदनशीलतालाई मध्यनजर गरी पर्याप्तमात्रामा अधिकार सम्पन्न घुम्ती टोली परिचालन गर्ने व्यवस्था मिलाइएको छ ।

मकवानपुर जिल्लामा चुनावका लागि खटिएका ८ सय जना मतदान अधिकृत र सहायक अधिकृत खटिएका छन् । जिल्लाको एक सय ६५ वटा मतदान स्थलमा रहेका ३ सय ७४ मतदान केन्द्रमा ७ सय २८ जना र अरु थप १० प्रतिशत गरी ८ सय जना खटिएको प्रदेश निर्वाचन कार्यालय हेटौंडाले जनाएको छ ।

यस्तै प्रतिनिधीसभा र प्रदेशसभाको चुनावका लागि मकवानपुर जिल्लामा ३ हजार २ सय सुरक्षार्की परिचालन गरिएको छ । चुनावका लागि जनपथ प्रहरी, म्यादी, ससस्त्र प्रहरी र नेपाली सेनालाई प्रत्यक मतदान केन्द्रमा खटाइएको छ । सबै भन्दा धेरै म्यादी प्रहरी एक हजार ६ सय ९९ जना, जनपथ प्रहरी एक हजार ६९ जना, ससस्त्र प्रहरी ४ सय जना, जना र अरु नेपाली सेना खटाइएको छ ।

## जसले आफैंलाई भोट हाल्न पाउँदैनन्

साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/मकवानपुरमा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन लडेका चार जना उम्मेदवारहरुले आफैंलाई मतदान गर्न नपाउने भएका छन् ।

यसरी मतदान गर्न नपाउनेमा बाम-लोकतान्त्रिक गठबन्धनका तीन जना र एमालेका एक जना उम्मेदवार रहेका छन् । उनीहरुले आफ्नो मतदान केन्द्रमा मत दिएर आफू लडेको फरक निर्वाचन क्षेत्र पुगेर आफ्नै लागि भोट माग्नु पर्ने भएको हो । संविधान बनेपछिको दोस्रो आमनिर्वाचन आज आइतबार मतदान हुँदैछ । मकवानपुरबाट निर्वाचनमा राजनीतिक दलदेखि स्वतन्त्रहरु गरी ६० जना भन्दा बढी चुनावी मैदानमा छन् । निर्वाचनको प्रतिस्पर्धामा रहेका विरोध खतिवडा, इन्द्रबहादुर बानियाँ, कुमारी मोक्तान र एकालाल श्रेष्ठले आफैंलाई मतदान गर्न नपाउने भएका हुन् ।

आफ्नो मतदाता नामावली भएको निर्वाचन क्षेत्रभन्दा बाहिर उम्मेदवारी दिएपछि उनीहरुले आफैंलाई भोट हाल्न नपाउने भएका हुन् । खतिवडा मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा गठबन्धनबाट उम्मेदवार छन् । उनको हेटौंडा उपमहानगरपालिका-४ मा मतदाता नामावली छ । तर, उनी उम्मेदवार भने २ नम्बर क्षेत्रबाट बनेका हुन् । उनले विगतका निर्वाचनमा पनि २ नम्बर क्षेत्रबाटै प्रतिस्पर्धा गर्दै आएका थिए । तर, आफैंलाई भोट हाल्न भने पाएका थिएनन् । खतिवडा २०७४ को निर्वाचनमा पनि मकवानपुर-२ बाट निर्वाचित भएका थिए । उनले भुटनदेवी माविको मतदान केन्द्रमा भोट हाल्नेछन् ।

यसैगरी प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा राप्रपाबाट उम्मेदवार रहेका राजन मैनालीले पनि आफैंलाई भोट हाल्न पाउँदैनन् । प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा एमालेबाट उम्मेदवार रहेका महेश बर्तौला, राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार भरत पराजुलीले आफैंलाई भोट हाल्न पाउँछन् । यसैगरी प्रतिनिधिसभा २ नम्बर क्षेत्रअन्तर्गत् प्रदेशसभा (क) र (ख)मा गठबन्धनबाट उम्मेदवार रहेका क्रमश: माओवादी केन्द्रकी केन्द्रीय सदस्य कुमारी मोक्तान र नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले पनि आफैंलाई भोट हाल्न पाउने छैनन् । मोक्तानको मतदान केन्द्र हेटौंडा-१३, स्थित कालिका निमावी हो । जुन, क्षेत्र नम्बर १ मा पर्दछ ।

बानियाँको मतदान केन्द्र क्षेत्र नम्बर १ अर्थात हेटौंडा उपमहानगरपालिका-१८, स्थित कमला निमावी हो । बानियाँ र मोक्तान २०७४ मा भएको निर्वाचनबाट हालकै निर्वाचन क्षेत्रबाट विजयी भएका थिए । उनीहरुले गत निर्वाचनमा पनि आफूलाई भोट हाल्न पाएका थिएनन् । प्रदेशसभा २ को (क) र (ख)मा एमालेबाट उम्मेदवार रहेका क्रमश: विष्णु प्रसाद ढकाल र लालबहादुर थापाले भने आफैंलाई मत हाल्न पाउँछन् । प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा गठबन्धनबाट नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना, एमालेबाट राप्रपा नेपालका अध्यक्ष कमल थापा, राप्रपाबाट दिपकबहादुर सिंह प्रतिस्पर्धामा छन् । उनीहरु तीन जनाले नै आफैंलाई भोट हाल्न पाउँछन् । थापा, डीना र सिंह तीन जनाकै हेटौंडा उपमहानगरपालिकाबाट मतदाता नामावलीमा नाम छ ।

प्रतिनिधिसभा क्षेत्र नम्बर १ अन्तर्गत् प्रदेशसभा (ख)मा एमालेबाट उम्मेदवार रहेका पार्टी जिल्ला अध्यक्षमेत रहेका एकालाल श्रेष्ठले आफैंलाई भोट हाल्न पाउँदैनन् । उनको स्थायी बसोबास निर्वाचन क्षेत्रभित्र अर्थात हेटौंडा-४ भित्र रहेपनि उनको मतदाता नामावलीमा नाम हेटौंडा-१ नम्बर वडा अर्थात् प्रदेशसभा २ को (क)बाट रहेको छ । प्रदेशसभा (ख)मा गठबन्धनबाट उम्मेदवार रहेका कांग्रेसका आनन्दराम पराजुलीले आफैंलाई मत हाल्न पाउँछन् । राप्रपाका उम्मेदवार गुञ्जबहादुर न्यौपानेले पनि आफैंलाई भोट हाल्न पाउँछन् । गठबन्धनबाट प्रदेशसभा १ को (क)बाट उम्मेदवार बनेका नेकपा मओवादी केन्द्रका प्रेमबहादुर पुलामी छिन्तु र एमालेका उम्मेदवार कमल विष्टले पनि आफैंलाई मत हाल्न पाउँछन् ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:
९८४५०२७०६४/९८५५०६८०३८

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरु:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES



BBS ADMISSION OPEN

Hetauda-4, Makawanpur
info@hsm.edu.np
057524701, 057524711
9855074222
www.hsm.edu.np

"कडा अनुशासन, स्तरीय शिक्षा"

साझाकुरा

## हाम्रो कुरा

### प्रतिनिधिसभा प्रदेशसभा निर्वाचन-२०७९

# मतदानमा अनिवार्य भाग लिऔं

जनताले चाहेका प्रतिनिधि र पार्टी चुनेर पठाउने प्रक्रिया नै निर्वाचन हो । नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा प्रवेश गरेसंगै यो दोस्रो निर्वाचन हो । २०७२ सालमा संविधान जारी भएपछि पहिलोपटन २०७४ सालमा निर्वाचन भयो । जसमा स्थानीय तह, प्रदेश तह र संघीय तह गरी तीन तहको सरकार निर्माण भयो । उक्त सरकारको समयावधि पाँच वर्ष सकिएपछि पुन: गत वैशाख ३० गते स्थानीय तहको निर्वाचन सम्पन्न भयो । अब प्रदेश र प्रतिनिधिसभाको निर्वाचन हुँदैछ । आज हुने यो निर्वाचनबाट प्रदेश तहको सरकार बनाउने र केन्द्रीय सरकार बनाउने सांसद्हरु निर्वाचित गर्दछ । उक्त संघीय र प्रदेशस्तरीय सरकार गठन गर्न सांसद् चुनेर पठाउनुपर्ने आवश्यकता छ । तर, भएका मतदाताको बढीभन्दा बढीको सहभागिता सुनिश्चित गरी गरिएको प्रतिनिधि चयन प्रक्रिया आफैंमा मजबुद लोकतन्त्रको नमूना हुन्छ ।

जनताले आफूले चाहेकै उम्मेदवार जितोस् भनेर भोट हाल्छन् । तर, भोट हालैं भनेरमात्रै कहाँ उम्मेदवारले पाउँछन् र ? सही तरिकाले चाहेको चिन्हमा छाप लगाइएन भने वा अरु त्रुटि भयो भने त्यो मत खेर जान्छ । गणना नै हुँदैन । मत बदर हुन्छ । मतदाताको निरक्षरताका कारण मत बदर हुन्छ । मतदान प्रक्रियामा मतदाता साक्षर नभई मत जोगिन्न । त्यसैले त निर्वाचन आयोगले निर्वाचन शिक्षा अभियानै चलाउँछ । तैपनि हरेक चुनावमा मत बदर हुन छाडेको छैन । प्रतिनिधिसभा/प्रदेशसभा निर्वाचन-२०७४ मा झन्डै १० प्रतिशत मत बदर भयो । प्रतिनिधिसभामा समानुपातिकतर्फ १० लाख ४२ हजारभन्दा मत बदर भएको थियो । २०७४ को स्थानीय निर्वाचनमा ३.१८ प्रतिशत बदर भएको थियो । निर्वाचनको अनुभव सँगालेरै मत बदर नहोऊन् भनेर त्यो साल मतदाता शिक्षामा १ अर्ब ५० करोड खर्च गरिएको थियो । तर, नतिजा अपेक्षाकृत आएन । बहुदलीय व्यवस्था आएपछिका हरेक निर्वाचनमा सरदर ५ प्रतिशत मत बदर हुने गरेको निर्वाचन आयोगको तथ्याङ्कले देखाउँछ ।

निर्वाचनमा जनताको उत्साहजनक सहभागिता अपरिहार्य छ । जननिर्वाचित सरकार गठन गर्ने प्रक्रियाको रुपमा चुनावलाई लिइन्छ । बढीभन्दा बढी जनसहभागितामा निर्वाचन सम्पन्न गर्न सरकारले निर्वाचन आयोग, स्थानीय तथा संघीय सरकारले गर्नुपर्ने समन्वयात्मक भूमिका निर्वाह गर्नु पर्दछ । निष्पक्ष र भयरहित तरिकाले निर्वाचन सम्पन्न गरौं । मतदाता नामावलीमा नाम भएका मतदाताले अनिवार्य रुपमा निर्वाचन प्रक्रियामा सहभागिता जनऔं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर ५ गते सोमबार २१ नोभेम्बर २०२२ । मंसिर कृष्णपक्ष द्वादशी । कछलागा ११४३ ने.सं. । सूर्योदय ६:३०, सूर्यास्त ५:८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : जग्गा जमिनबाट लाभ हुनेछ | **तुला** | : स्वास्थ्योपचारमा खर्च हुनेछ |
| **वृष** | : सोचेभन्दा बढी खर्च हुनेछ | **वृश्चिक** | : मानसिक असन्तुष्टि बढ्नेछ |
| **मिथुन** | : मित्रतामा कमी आउनेछ | **धनु** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ |
| **कर्कट** | : कामको जिम्मेवारी बढ्नेछ | **मकर** | : काम अपुरै रहने देखिन्छ |
| **सिंह** | : मनोरञ्जन प्राप्त हुनेछ | **कुम्भ** | : मनमा निरासा उत्पन्न हुनेछ |
| **कन्या** | : व्यापारबाट लाभ मिल्नेछ | **मीन** | : समयले साथ दिनेछ |

# लोकतन्त्रलाई सुदृढ गर्ने मुख्य माध्यम निर्वाचन



**गणेशदत्त भट्ट**

वर्तमान समयमा लोकतान्त्रिक राज्यको राजनीतिक प्रणालीको आधार प्रतिनिधित्व हुन्छ । प्रतिनिधित्व गर्ने र गराउने कार्यमा निर्वाचन एक महत्त्वपूर्ण कार्य हो । निर्वाचन प्रक्रियाले जनतालाई शासन सञ्चालनका लागि आफ्ना प्रतिनिधि चयन गर्ने नागरिक अधिकारलाई सुरक्षित राखेको हुन्छ ।

आमनागरिक/मतदातालाई राजनीतिक रुपमा शिक्षित र सक्रिय गराउँछ, सरकार निर्माण तथा त्यसको सञ्चालनमा समेत सबै मतदाताहरूलाई कुनै न कुनै रुपमा सहभागी गराउँछ भने अन्तिम रुपमा राज्यशक्तिको बागडोर जनताकै हातमा छ भन्ने कुरालाई पुष्टि गर्छ ।

निर्वाचन भनेको आवधिक रुपमा नागरिकले सम्पन्न गर्ने एउटा प्रमुख राजनीतिक भूमिका भएका कारण यसको माध्यमबाट शासनले आफ्नो वैधानिकता प्राप्त गर्छ । स्वतन्त्र र निस्पक्ष रुपमा सम्पन्न हुने आवधिक निर्वाचन आधुनिक राज्य व्यवस्थाको अनिवार्य सर्त हो । लोकतन्त्र जनताको सहमति र सहभागितामा सञ्चालन हुने व्यवस्था भएका कारण लोकतान्त्रिक शासन व्यवस्थाको सञ्चालनका लागि आवश्यक पर्ने जनताको सहमती र सहभागिता निर्वाचनका माध्यबाट मात्र अभिव्यक्त हुन्छ । जनताबाट निर्वाचित प्रतिनिधिहरूद्वारा सञ्चालन हुने वैधानिक व्यवस्थाको आधार नै निर्वाचनले खडा गर्छ ।

नेपालको संविधानको धारा-२ ले 'नेपालको सार्वभौमसत्ता, राजकीयसत्ता नेपाली जनतामा निहित रहने व्यवस्था गरेको छ ।' यसको अर्थ हो, निर्वाचनका माध्यमद्वारा नागरिकले उक्त संविधानको धारा-२ मा उल्लेखित अधिकारको प्रयोग गर्छ । अर्थात् मताधिकारको बलमा मुलुकको शासन सञ्चालनका लागि आफ्ना प्रतिनिधिहरूको चयन गर्छन् । यस अर्थमा निर्वाचन लोकतान्त्रिक शासन पद्धतिको वैधानिकता पुष्टि गर्ने एक सशक्त माध्यम हो । लोकतान्त्रिक शासन पद्धतिले निर्वाचनका लागि निर्वाचन होइन कि यसले निर्वाचनको स्वतन्त्रता, स्वच्छता र विश्वसनीयतामा जोड दिन्छ । लोकतन्त्रको संस्थागत सुदृढीकरण, उत्तरदायी शासन व्यवस्थाको स्थापना, सचेत र जागरुक नागरिक समाजको निर्माण, नागरिक राज्यको स्थापना, विधिको शासन, आमरुपमा राजनीतिक शिक्षा र संस्कृतिको विकास, राष्ट्रका प्रमुख सरोकारहरूमा जनस्तरमा छलफल, समावेशी राज्यको स्थापना, जनताको सहमती र सहभागितामा राज्य सञ्चालनको अवस्था सिर्जना र समग्रमा वैध शासन व्यवस्था कायम गर्न आवधिकरुपमा सम्पन्न हुने निर्वाचनले महत्त्वपूर्ण भूमिका खेल्छ ।

संविधानको धारा-७४ को व्यवस्थाले, 'नेपालको शासकीय स्वरुप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली हुनेछ' भन्ने व्यवस्था गरेको छ । त्यसैगरी संविधानको धारा-५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भन्ने व्यवस्था गरेको छ । संविधानकै व्यवस्थाबमोजिम संघ, प्रदेश र स्थानीय तहको कार्यकाल पाँच वर्षको हुने व्यवस्था गरेको छ । माथि उल्लेखित तीनै तहको सरकारमा रहने जनप्रतिनिधिहरू मिश्रित निर्वाचन प्रणालीद्वारा निर्वाचित हुने व्यवस्था पनि संविधानमा उल्लेख छ । अर्थात् बालिग मताधिकारका आधारमा आवधिकरुपमा सम्पन्न हुने मिश्रित निर्वाचन प्रणालीद्वारा निर्वाचित जनप्रतिनिधिहरूको संलग्नतामा हाम्रो समग्र शासकीय स्वरुप सञ्चालन हुने कुरालाई संविधानले व्यवस्थित गरेको छ । यसअर्थमा नेपालको संविधान र संविधानद्वारा व्यवस्थित शासकीय स्वरुपलाई संस्थागतरुपमा सुदृढ गराउने कार्यका लागि मंसिर-४ मा सम्पन्न हुने निर्वाचनलाई व्यापक जनसहभागितासहित स्वतन्त्र र निस्पक्षरुपमा सम्पन्न गराउने कार्यमा हामी सबैको सहयोग अनिवार्य र अपरिहार्य छ ।

२०१५ सालमा सम्पन्न आमनिर्वाचन र त्यसपछि (पञ्चायतको तीसवर्षको अवधिलाई छाडेर) २०४८ सालदेखि हालसम्मन सम्पन्न हुँदै आएका सबै प्रकारका निर्वाचनमा आममतदाताले उल्लेख्यरुपमा आफ्नो सहभागिता जनाउँदै आएका छन् । स्वतन्त्र र स्वच्छताको दृष्टिकोणबाट पनि एकपछि अर्को निर्वाचनमा उल्लेख सुधार भएको देखिन्छ । स्वतन्त्र र निस्पक्ष निर्वाचन प्रणालीको सञ्चालनका लागि बलियो संस्थागत संरचना निर्माण हुँदै आइरहेको छ । केही जिम्मेवार पक्ष र व्यक्तिहरूबाट विगतका निर्वाचनहरूलाई कलुसित बनाउने केही गैरजिम्मेवार र गैरकानूनी कामहरू हुँदासमेत अधिकांश मतदाताले आफ्नो विवेक प्रयोग गरेर मताधिकार प्रयोग गरेका कारण निर्वाचनका माध्यमद्वारा व्यक्त जनादेश न्यायपूर्ण र सहीरुपमा प्रकट भएको पाइन्छ । यसअर्थमा विगतका निर्वाचनहरूमा आमजनता आफूलाई 'जनार्दन' का रुपमा खडा गर्न सफल भएका छन् ।

लोकतन्त्रमा सम्पन्न हुने आवधिक निर्वाचन गोप्य मतदानका आधारमा सम्पन्न हुने भएका कारण मतदाताले आफ्नो विवेकको प्रयोग गरी उपलब्ध भएका राजनीतिक दल र उम्मेदवारहरूमध्येका योग्य, असल र अनुभवले खारिएका व्यक्ति र दललाई मतदान गर्ने हो भने निर्वाचनले सार्थकता पाउने छ । पाँच वर्षमा एकपटक प्रयोग गर्न पाउने आफ्नो सार्वभौम मताधिकारको अधिकारलाई कुनै प्रकारको खेलाँची नसम्झी हरेक नागरिकले मताधिकारलाई गहनता र जिम्मेवारीसाथ प्रयोग गर्ने हो भने लोकतन्त्रमा जनता स्वयंद्वारा शासित हुन्छन् भन्ने मान्यतालाई स्थापित गर्ने आधार निर्माणमा ठूलो योगदान पुग्न सक्छ । यसअर्थ लोकतन्त्रमा मताधिकारको सही र स्वतन्त्र प्रयोगको व्यापक महत्व र दूरगामी प्रभाव हुने भएका कारण कुनै पनि मतदाताले आफ्नो मताधिकारलाई उपेक्षाभावका साथ हेर्नु हुँदैन ।

समाजका जिम्मेवार र शिक्षित समुदायले निर्वाचनप्रति सकारात्मक सन्देश फैलाई निर्वाचनमा व्यापक सहभागिताको अवस्था सिर्जना गर्न जिम्मेवारीका साथ आफूलाई प्रस्तुत् गर्नु जरुरी हुन्छ । निर्वाचनलाई दूषित गराउने कुनै पनि किसिमका क्रियाकलापलाई परास्त गर्ने र निर्वाचनप्रति कुनै पनि रुपमा सिर्जना गरिएका नकारात्मकताको भावनाबाट निर्वाचन प्रक्रियालाई बचाउने काममा समाजका सबै जिम्मेवार पक्षहरूले आ-आफ्नो ठाउँबाट सक्रिय भूमिका निर्वाह गर्नु पर्छ । हामी आफ्नो 'भलाइ' चाहान्छौं भने यो 'भलाइ' केवल लोकतान्त्रिक शासन पद्दतिबाट मात्र सम्भव छ । मताधिकारले व्यक्तिको निर्णायकत्व स्थापित गर्ने भएका कारण निर्वाचनमा हरेक मतदाताले 'म पहिलो मताधिकार प्रयोग गर्ने मतदाता हुनेछु' भन्ने मानसिकता राख्नु जरुरी हुन्छ । आफूमा निहित सार्वभौमसत्ता र राजकीयसत्ता अभिव्यक्त हुने मताधिकारलाई कुनै पनि वहानामा प्रभावित हुन नदिई त्यसको स्वतन्त्र प्रयोग गर्ने नागरिकले मात्र राष्ट्र निर्माणमा योगदान गर्न सक्छ । निहित स्वार्थपूर्तिका लागि मताधिकारको दुरुपयोग गर्ने र गराउन चाहनेलाई भोलिको शासन सत्तासँग कुनै पनि किसिमको गुनासो गर्ने नैतिक आधार रहँदैन ।

आवधिक रुपमा सम्पन्न हुने निर्वाचनलाई स्वतन्त्र र मर्यादितरुपमा सम्पन्न गराउने काममा निर्वाचन आयोग, राज्यसंयन्त्र, राजनीतिक दलहरू, स्वयम् उमेदवारहरू, सञ्चार जगत्, नागरिक समाज, मतदाता र अन्तर्राष्ट्रिय समुदायको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसमा पनि सबैभन्दा बढी मतदाताहरूले निर्वाचनसँग सम्बन्धित आवश्यक जानकारीसहित आफ्नो मताधिकारलाई स्वतन्त्ररुपमा प्रयोग गर्न सकेन भने निर्वाचनको पवित्रता कायम रहन सक्दैन । यसअर्थमा हरेक मतदाताले स्वतन्त्र र निर्भिक रुपमा मताधिकारको प्रयोग गर्न पाउने अवस्थाको सिर्जना गर्न राज्य, राजनीतिक दल र निर्वाचन आयोगले जिम्मेवारीसाथ काम गर्नु जरुरी छ । यदि यी तीन निकायबाट आफ्नो जिम्मेवारी अनुरुपको काम भएको छैन भने यी निकायलाई जिम्मेवार बताउन नागरिक समाज, सञ्चार जगत्, न्यायपालिका र स्वयम् मतदाताहरूले खबरदारी गर्न सकेमात्र हामी निर्वाचनलाई मर्यादित र अर्थपूर्णरुपमा सम्पन्न गरी लोकतन्त्रको सुदृढीकरणमा योगदान पुऱ्याउन सक्ने छौं ।

मंसिर चार गते, एकै दिनमा हामीले संघ र प्रदेशसभाको निर्वाचन सम्पन्न गर्दैछौं । यो हामी सबैका लागि ठूलो उपलब्धी हुनेछ । यसले लोकतन्त्रको संस्थागत विकासमा ठूलो योगदान पुग्ने छ । एकैदिन निर्वाचन सम्पन्न गराउने काम चूनौतीपूर्ण र कठीन कार्य हो । अत: निर्वाचनलाई मर्यादितरुपमा सम्पन्न गराउने काममा सबैको सहयोग आवश्यक र हन्छ । यस कार्यका लागि विशेषगरी निर्वाचन आयोगलाई सबैका तर्फबाट सहयोग, सुवेच्छा हुनुपर्छ । मूख्यरुपमा निर्वाचनलाई मर्यादित बनाउने कार्यमा राजनीतिक दलहरू र उमेदवारहरूको जिम्मेवार भूमिका अपरिहार्य हुन्छ । सबै पक्षबाट अनिवार्यरुपमा निर्वाचन संहिताको पालना हुनुपर्छ । दलीय रुपमा होस् अथवा व्यक्तिगत रुपमा निर्वाचनमा होमिएका उमेदवारहरूले जनतासँग मत माग्ने, जनता समक्ष आफ्ना कुरा राख्ने, जनताको विवेकमा विश्वास गर्ने तर मैले जित्नैपर्छ भन्ने गलत मान्यतामा मतदातालाई गलत किसिमबाट आफ्नो पक्षमा नल्याउने व्यवहारमात्र गर्ने हो भने पनि स्वतन्त्र निर्वाचन सम्भव छ र यही बाटोमा हिँड्ने सद्बुद्धि प्रत्येक उम्मेदवारमा पलाओस् भन्ने कामना छ ।

कसैले पनि बिर्सन नहुने कुरा के हो भने हामी लामो समयदेखि राजनीतिक अस्थिरताको स्थितिबाट गुज्रिँदै आएका छौं । तर पनि २०१५ र २०४८ सालयता सम्पन्न भएका हरेक निर्वाचनले लोकतन्त्रलाई संस्थागत गराउने कामका लागि फराकिलो आधार निर्माण गर्दै आएको छ । यो मंसिर ४ गते सम्पन्न हुने निर्वाचनले पनि लोकतन्त्रको सुदृढीकरण र विधिको शासनको सुनिश्चितताका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउने छ ।

*(साभार: ई-कान्तिपुर)*

# नेपालमा मूल्य अभिवृद्धि कार्यान्वयनको २५ वर्ष र दर्ता सीमा

**✍ रूप खड्का**

नेपालमा मूल्य अभिवृद्धि कर लागू भएको २५ वर्ष पूरा भैसक्दा पनि यस करको दर्ता सीमाका बारेमा सरकार र निजी क्षेत्र एकमत हुन सकेका छैनन् । निजी क्षेत्रभित्र पनि साना तथा ठूलो उद्योगी, व्यापारी र व्यवसायीबीच मतैक्यता नहुने समस्या छँदैछ ।

दर्ता सीमा मूल्य अभिवृद्धि करको अभिन्न अंग जस्तै भएकोले नेपाल सरकारले मूल्य अभिवृद्धि करअन्तर्गत प्रारम्भदेखि नै दर्ता सीमाको व्यवस्था गरेको छ । नेपालमा १ मंसिर २०५४ मा मूल्य अभिवृद्धि कर लागू गर्दा वस्तु तथा सेवा दुवैको लागि एउटै दर्ता सीमा वार्षिक रु. २० लाख कायम गरिएको थियो । तर दर्ता सीमासम्बन्धी नीतिमा २०६६ सालमा विचलन आयो, जस अनुसार दर्ता सीमासम्बन्धी मान्यता तथा अन्तर्राष्ट्रिय असल अभ्यास विपरीत हचुवाका आधारमा वस्तु र सेवाको लागि छुट्टाछुट्टै दर्ता सीमा कायम गरिएको थियो ।

त्यसअनुसार वस्तुको लागि रु. २० लाखको दर्ता सीमा यथावत राखेर सेवाको कारोबारको हकमा यो सीमा आर्थिक वर्ष २०६६/६७ मा वार्षिक रु. २० लाखबाट घटाई वार्षिक रु. १० लाख कायम गरिएको थियो । वास्तवमा मुद्रा स्फीतिको हिसाब गर्दा मूल्य अभिवृद्धि कर दर्ता सीमा लागु भएको १२ वर्ष पछि त्यसलाई २०६६ सालसम्म आइपुग्दा उल्लेख्य रूपमा बढाउनु पर्नेमा सेवाको लागि उल्टो घटाएर आधा गरिनुले निर्णयकर्ताको दर्ता सीमासम्बन्धी अज्ञानतालाई दर्शाउँछ ।

२०५४ सालमा कायम गरिएको दर्ता सीमालाई १८ वर्षसम्म परिवर्तन गरिएन जसले गर्दा रु. २० लाखको दर्ता सीमा आर्थिक वर्ष २०७१/७२ सम्म आइपुग्दा वास्तविक मूल्यमा रु. ७ लाखभन्दा कम भएको थियो । त्यसले गर्दा अतिसाना व्यापारीहरूले मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने स्थिति थियो जसबाट संकलन हुने राजस्व नगन्य थियो भने करदाताको अनुपालन लागत र कर प्रशासनको संकलन खर्च समानुपातिक रूपमा ठूलो थियो ।

नेपाल सरकारले २०७१ सालमा यो पंक्तिकारको अध्यक्षतामा गठन गरेको उच्च स्तरी कर प्रणाली पुनरावलोकन आयोगले मूल्य अभिवृद्धि करको दर्ता सीमाको विश्लेषण गरेर २०५४ सालमा कायम गरिएको कर नलाग्ने कारोबारको सीमा रु. २० लाखको २०७१ सालको मूल्यमा करिब रु. ७० लाख हुन आउने र त्यतिखेको सार्क मुलुकहरूको मूल्य अभिवृद्धि करको दर्ता सीमा औसतमा अमेरिकी डलर ६१ हजार जति थियो जुन त्यतिबेलाको नेपाली रूपैयाँ रु. ६१ लाख बराबर हुन आउँथ्यो ।

यी तथ्यांकको आधारमा आयोगले मूल्य अभिवृद्धि कर दर्ता सीमा रु. ७० लाखको हाराहारीमा कायम गर्नुपर्ने सुझाव दिएको थियो । सोही अनुसार नेपाल सरकारले मूल्य अभिवृद्धि करको वस्तुको लागि कायम गरिएको दर्ता सीमालाई २०७२ सालमा रु. २० लाखबाट बढाएर रु. ५० लाख कायम गरेको थियो । साथै, सेवाको लागि कायम गरिएको दर्ता सीमालाई २०७३ सालमा रु. १० लाखबाट बढाएर रु. २० लाख पुऱ्याएको थियो ।

**दर्ता सीमासम्बन्धी निजी क्षेत्रको धारणा**

नेपालमा मूल्य अभिवृद्धि कर दर्ता सीमाका बारेमा निजी क्षेत्रका दुई विपरीत धारणा छन् । साना व्यापारीहरू मूल्य अभिवृद्धि करको वर्तमान दर्ता सीमा वस्तुको लागि रु. ५० लाख र सेवाको लागि रु. २० लाख निकै कम भएको बताउँछन् । उनीहरू यसलाई एक करोड रुपैयाँभन्दा बढी पुऱ्याउनु पर्दछ भनेर वकालत गर्दै आएका छन् । उता, ठूला उद्योगी व्यावसायीहरू मूल्य अभिवृद्धि कर दर्ता सीमा शून्य गरिनुपर्दछ भन्दछन् ।

साना व्यापारीका अनुसार अहिले वस्तुको लागि कायम गरिएको रु. ५० लाख र सेवाको लागि कायम गरिएको रु. २० लाखको मूल्य अभिवृद्धि कर दर्ता सीमा निकै सानो हो । त्यसैले साना मसिना व्यापारीहरूले पनि मूल्य अभिवृद्धि करमा अनिवार्य रूपमा दर्ता हुनुपरेको छ । साना व्यापारीहरूले आफ्नो व्यापार व्यवसायको राम्रो हिसाब किताब राख्न नसक्ने, संख्या धेरै हुने र मूल्य अभिवृद्धि करमा दर्ता भएमा कर अनुपालन लागत बढी हुनाले वर्तमान दर्ता सीमालाई बढाएर सानातिना बिक्रेतालाई मूल्य अभिवृद्धि करको दायरा बाहिर राखिनु पर्दछ ।

दर्ता सीमाका कारणले व्यापार व्यवसाय खण्डीकरण हुने, चोरी पैठारी गरिएको सामान दर्ता सीमामुनि रहेका दर्ता नभएका बिक्रेता मार्फत बिक्री गर्न सम्भव हुने ठूला उद्योगी व्यावसायीहरूको तर्क छ । यसबाट चोरी पैठारी प्रोत्साहित हुने हुँदा दर्ता सीमा राख्नु हुँदैन, उनीहरू भन्छन् ।

**दर्ता सीमासम्बन्धी अन्तर्राष्ट्रिय अनुभव**

मूल्य अभिवृद्धि कर लागू गर्ने समयमा विभिन्न मुलुकहरूमा मूल्य अभिवृद्धि करको दर्ता सीमा राख्ने, नराख्ने वा कति राख्ने भन्ने विषयमा चर्चा परिचर्चा हुने गर्दछ । यसैगरी मूल्य अभिवृद्धि करको दर्ता सीमाका कारणले दर्ता हुने र दर्ता नहुने बीच असमानता हुन्छ । यसले दर्ता हुनुपर्ने स्तरका व्यापारीहरूले आफ्नो व्यापार टुक्रयाउन सक्ने जस्ता कुराहरू पनि उठ्ने गर्दछन् ।

उदाहरणको लागि विश्वमै हालसम्म लागु गरिएकामध्ये सबभन्दा उच्चकोटीको मूल्य अभिवृद्धि कर कहलिएको न्युजिल्याण्डको हो । त्यहाँ सन् १९८४/८५ मा मूल्य अभिवृद्धि कर सम्बन्धी स्वेतपत्र तथा ऐनको मस्यौदामा मूल्य अभिवृद्धि करको दर्ता सीमा न्युजिल्याण्ड डलर २,५०० राखिएको थियो । मूल्य अभिवृद्धि कर सम्बन्धी सुझाव दिन सन् १९८५ मा न्युजिल्याण्ड गएको अन्तर्राष्ट्रिय मुद्राकोषको टोलीले दर्ता सीमा न्युजिल्याण्ड डलर १५ हजारभन्दा बढी हुनुपर्ने सुझाव दिएको थियो । त्यसैबेला मूल्य अभिवृद्धि करसम्बन्धी विभिन्न क्षेत्रका सुझावहरू संकलन गरेर सुझाव दिन गठित सुझाव समितिले दर्ता सीमा न्युजिल्याण्ड डलर २० हजार कायम गर्न सुझाव दिएको थियो र यस समितिलाई सुझाव दिने मध्ये कतिले दर्ता सीमा राख्नु हुँदैन भन्ने सुझाव पनि दिएका थिए ।

अन्त्यमा सरकारले दर्ता सीमा न्युजिल्याण्ड डलर २४ हजार हुनुपर्ने निर्णय गरेर सो रकम कानुनमा राखिसकेपछि दर्ता सीमा सम्बन्धी विवाद सदाको लागि समाप्त भएको थियो । मुद्रास्फितिलाई विचार गरेर दर्ता सीमालाई केही वर्षपछि न्युजिल्याण्ड डलर ३० हजार र त्यसको केही समयपछि न्युजिल्याण्ड डलर ४० हजार कायम गरिएको थियो । हाल न्युजिल्याडमा मूल्य अभिवृद्धि करको दर्ता सीमा न्युजिल्याण्ड डलर ६० हजार छ ।

अन्तर्राष्ट्रिय जगतमा मूल्य अभिवृद्धि कर कार्यान्वयन भएपछिको अनुभवले दर्ता सीमा अचाक्ली ठूलो भएमा बाहेक दर्ता सीमाका कारणले व्यापार खण्डीकरणको समस्या नआउने प्रमाणित भैसकेको छ । कारण मूल्य अभिवृद्धि कर अन्तर्गत दर्ता नहुनेको बिक्री गर्ने वस्तु तथा सेवामा पूरै कर नलाग्ने भन्ने होइन, दर्ता नहुनेको मूल्य अभिवृद्धिमा मात्र कर नलाग्ने हो । र, निजले खरिद गर्दासम्मको अवस्थामा कर लागि सकेको हुन्छ ।

उदाहरणका लागि कुनै वस्तुको कारखाना मूल्य रु. १००, थोक बिक्रेताको रु. १२० र खुद्रा बिक्रेताको बिक्रीमूल्य रु. १४० छ । यदि खुद्रा बिक्रेताले मूल्य अभिवृद्धि करमा दर्ता नहुने उद्देश्यले आफ्नो व्यापार खण्डीकरण गरेर करको दायरा बाहिर रहँदा पनि निजले आफ्नो मूल्य अभिवृद्धि रु. २० मा मात्र कर नतिर्नुपर्ने हुन्छ । निजको खरिद मूल्य रु. १२० सम्ममा पहिले नै मूल्य अभिवृद्धि कर लागि सकेको हुन्छ । यसको अर्थ निजको मूल्य अभिवृद्धि रु.२० को १३ प्रतिशतले हुने रु. २.६० मात्र कर नलाग्ने हुन्छ । अर्कोतर्फ कुनै खुद्रा बिक्रेता मूल्य अभिवृद्धि करमा दर्ता भएमा निजको मूल्य अभिवृद्धि रु. २० मा रु. २.६० मूल्य अभिवृद्धि कर लाग्ने हुन्छ ।

यसरी सर्सति हेर्दा दर्ता हुने र नहुनेको मूल्य रु. २.६० ले फरक पर्ने देखिन्छ । यदि दर्ता हुने र दर्ता नहुने बिक्रेता बीचका अन्य सबै अवस्थाहरू समान भएमा मात्र यस्तो स्थिति देखा पर्न सक्छ । तर मूल्य अभिवृद्धि कर अन्तर्गत दर्ता हुने र नहुने बीचका अन्य अवस्थाहरू समान हुँदैनन् । उदाहरणका लागि मूल्य अभिवृद्धि करमा दर्ता नहुनेले आफ्नो बिक्रीमा कर असुल गर्न पाउँदैन र आफ्नो व्यापारको सिलसिलमा तिरेको कर कट्टी गर्न पनि पाउँदैन ।

यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका बिक्रेताले दर्ता नभएको बिक्रेताबाट खरीद नगर्न सक्छन् । यसैगरी कतिपय मुलुकमा सरकारी निकायहरूले दर्ता भएका बिक्रेताहरूसँग खरीद गर्नुपर्ने व्यवस्था गरिएको हुन सक्छ । उदाहरणका लागि नेपालमा नेपाल सरकार, संवैधानिक निकाय, वा प्रदेश वा नेपाल सरकार वा प्रदेश अन्तर्गतको कुनै सरकारी निकाय वा संगठित संस्था वा स्थानीय तहले नेपालभित्र एकपटकमा रु. २० हजारभन्दा बढीको कर लाग्ने वस्तु वा सेवाको खरीद गर्नुपरेमा मूल्य अभिवृद्धि करमा दर्ता भएकाहरूसँग खरीद गर्नुपर्ने हुँदा दर्ता नभएका बिक्रेता यस्ता निकायहरूलाई बिक्री गर्न नपाउने अवस्था छ ।

अर्कोतर्फ मूल्य अभिवृद्धि करमा दर्ता हुनेले आफ्नो खरीद तथा पैठारीमा तिरेको कर कटाउन पाँउछ र आफ्नो बिक्रीमा मूल्य अभिवृद्धि कर असुल गर्न पाउँछ, त्यसरी असुल गरेको र कम सरकारलाई नबुझाएसम्म खेलाउन पाउने हुँदा निजलाई नगद प्रवाहको फाईदा हुन्छ । यसका साथै मूल्य अभिवृद्धि करमा दर्ता भएका अन्य बिक्रेताले कर कट्टीको सुविधा उपयोग गर्नको लागि करमा दर्ता भएकाहरूसँग खरीद गर्ने हुँदा मूल्य अभिवृद्धि करमा दर्ता हुनेको बजार ठूलो हुन्छ ।

*बाँकी पृष्ठ-३ मा....*

# नेपालमा मूल्य अभिवृद्धि कर...

यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति दर्ता नहुने व्यक्तिको तुलनामा बढी संगठित देखिने हुँदा तिनीहरूलाई बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण लिनु बढी सहज हुन्छ । मूल्य अभिवृद्धि करमा दर्ता हुँदा र नहुँदा हुने स्थितिलाई तल स्पष्ट गरिएको छ:

व्यापार खण्डीकरण गर्दा केही थप लागत पनि लाग्ने हुन्छ । सर्वप्रथम त एक फर्मको सट्टा विभिन्न फर्महरू दर्ता गराउनु पर्‍यो । त्यस सन्दर्भमा रजिष्ट्रेशन दस्तुर लगायत विभिन्न किसिमका खर्चहरू लाग्न सक्छन् । यसैगरी विभिन्न फर्म दर्ता गरेपछि केही मात्रामा भएपनि यससम्बन्धी हिसाबकिताब राख्ने, घर भाडा तिर्ने आदि जस्ता खर्चहरू बढ्ने हुन्छन् र नगरपालिकको व्यवसाय कर पनि विभिन्न फर्मको लागि छुट्टाछुटै तिर्नुपर्ने हुन्छ । यसरी आफ्नो मूल्य अभिवृद्धिमा कर नतिर्ने उद्देश्यले व्यापार खण्डीकरण गरेमा यस किसिमका विभिन्न खर्चहरू बढ्छ ।

आफ्नो व्यापारको सिलसिलामा गरेको खरीदमा तिरेको मूल्य अभिवृद्धि करकट्टी गर्न नपाउनाले व्यापार खण्डीकरण गर्न बिक्रेतालाई फाइदा हुँदैन । यसैले मूल्य अभिवृद्धि कर अन्तर्गत व्यापार खण्डीकरण ठूलो समस्याको रूपमा कतैपनि देखा परेको छैन ।

यही कारणले गर्दा हालसम्म मूल्य अभिवृद्धि कर लगाउने विश्वका प्राय: सबै देशहरूमा मूल्य अभिवृद्धि कर अन्तर्गत दर्ता सीमा कायम गरिएको छ र थ्रेसहोल्ड विनाको मूल्य अभिवृद्धि कर संचालन गर्न प्राय असंभव देखिन्छ ।

तर यसको अर्थ दर्ता सीमा जतिसुकै बढी राखेमा पनि त्यसले समस्या ल्याउँदैन भन्ने अवश्य होइन । दर्ता सीमाको रकम धेरै ठूलो भएमा व्यापार खण्डीकरण गर्न बढी संभव हुन्छ । दर्ता सीमाको रकम जतिजति बढी भयो त्यसबाट त्यति त्यति बढी विकृति तथा विसंगति सिर्जना हुन्छन् । दर्ता सीमा निकै बढी राखिएमा अधिकांश व्यापारीहरू करको दायराभित्र नआउने हुन्छन् र धेरै आर्थिक गतिविधिहरू करको दायरा बाहिर रहन्छन् । यस्तो अवस्थामा दर्तावाल बिक्रेताले दर्ता नभएका बिक्रेतालाई बिक्री गर्नुपर्ने हुन्छ र त्यस्तो अवस्थामा मूल्य अभिवृद्धि करले राम्रोसँग काम नै गर्न नसक्ने हुन्छ । यसैले दर्ता सीमा निकै उच्च कायम गरिनु हुँदैन ।

मूल्य अभिवृद्धि कर अन्तर्गत दर्ता सीमा तोक्ने व्यवस्था प्रशासनिक, राजस्व संकलन, सामाजिक न्याय आदि विभिन्न आधारमा आवश्यक भएकोले दर्ता सीमा मूल्य अभिवृद्धि कर व्यवस्थाको अभिन्न अंगको रूपमा रहेको छ । तर यो रकम मूल्य अभिवृद्धि कर प्रणालीले राम्रोसँग काम गर्न नपाउने किसिमले धेरै ठूलो पनि हुनुहुँदैन । मूल्य अभिवृद्धि करको दर्ता सीमा व्यापार खण्डीकरण भन्दा मूल्य अभिवृद्धि करमा दर्ता हुन फाइदा हुने किसिमले तोकिनुपर्दछ ।

मूल्य अभिवृद्धि कर दर्ता सीमाका कारणले व्यापार खण्डीकरण हुन सक्ने संभावनालाई रोक्न निम्नानुसारका विभिन्न प्रावधानहरू पनि विकसित गरिएका छन्:

दर्ता सीमाको व्यवस्थाले कुनै बिक्रेतामा मूल्य अभिवृद्धि करको दायराभित्र नआउनका लागि आफ्नो कारोबार टुक्र्याएर दर्ता नभई बस्ने प्रवृत्ति नबढोस् भन्नका लागि एउटा व्यक्तिको नाउँमा विभिन्न फर्महरू भएमा मूल्य अभिवृद्धि करको दर्ताको प्रयोजनका लागि निजको स्वामित्वमा रहेका सबै फर्मको कारोबारको गणना गर्ने ।

एकलौटी व्यापारको हकमा फर्म नभै व्यक्ति दर्ता हुनुपर्ने भएकोले निजको नाउँमा रहेका सबै फर्मको कारोबार जोडेर दर्ता गर्ने व्यवस्था गर्ने ।

मूल्य अभिवृद्धि करमा दर्ता नहुनका लागि कारोबार टुक्र्याउने प्रवृत्ति देखिएमा समान प्रकृतिका कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने र मुलभूत रूपमा एकै व्यक्ति र समूहद्वारा नियन्त्रित एकभन्दा बढी निकाय हुनेले अनिवार्य रूपमा मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था गर्ने ।

यसरी एकातिर दर्ता हुँदा विभिन्न फाइदाहरू हुने र अर्कोतर्फ उपयुक्त दर्ता सीमा कायम गरेर व्यापार खण्डीकरण विरुद्धका प्रावधानहरू गरिएमा मूल्य अभिवृद्धि कर अन्तर्गत दर्ता सीमाले व्यापार खण्डीकरणको समस्या सिर्जना गर्दैन । अकोतर्फ मूल्य अभिवृद्धि कर बुझ्दै गएपछि दर्ता सीमाभन्दा कमको कारोबार व्यापारीहरू पनि स्वेच्छाले करको दायराभित्र आउँदै जान्छन् । विभिन्न मुलुकमा मूल्य अभिवृद्धि करमा दर्ता हुने कूल कर दाताको १०-१५ प्रशितशत स्वेच्छाले दर्ता हुने गरेको अन्तर्राष्ट्रिय अनुभव छ । आर्थिक विकासको क्रममा कारोबारको स्तर वृद्धि हुँदैजान्छ र नयाँ नयाँ करदाताहरू करको दायरा भित्र आउँदै जान्छन् । मूल्य अभिवृद्धि कर प्रणाली बुझ्दै गएपछि कर दाताहरू यस करको विरोध गर्न छाड्छन् र यो जनजीवनको एक अंग बन्दै जान्छ । मूल्य अभिवृद्धि करको सुन्दरता नै यही हो ।

## व्यवहारमा दर्ता सीमा

विश्वमा मूल्य अभिवृद्धि कर लगाउने प्राय: सबै देशहरूले यसको दर्ता सीमा कायम गरेका छन् । विश्वमा सबभन्दा बढी दर्ता सीमा अफगानिस्तानमा कायम गरिएको छ । अफगानिस्तानको दर्ता सीमा अमेरिकी डलर १७ लाख १४ हजार ५५६ छ भने सबभन्दा कम दर्ता सीमा ग्रीसको छ जसको दर्ता सीमा अमेरिकी डलर १० हजार ९८५ छ । विश्वकै दोस्रो सबभन्दा बढी दर्ता सीमा अमेरिकी डलर १० हजार ३६ हजार १३० श्रीलंकाले कायम गरेको छ भने अमेरिकी डलर ७ लाख ८५ हजार ५०९ सहित तेस्रो ठूलो दर्ता सीमा चीनको छ । धेरैजसो देशहरूले अमेरिकी डलर ४० हजारदेखि अमेरिकि डलर ५०हजारको हाराहारीमा दर्ता सीमा कायम गरेका छन् ।

विश्वमै सर्वश्रेष्ठ मानिएको न्यूजील्याडको मूल्य अभिवृद्धि कर अन्तर्गत दर्ता सीमा अमेरिकी डलर ४१ हजार ७९७ कायम गरेको छ भने नेपालको मूल्य अभिवृद्धि करको दर्ता सीमा वस्तुको लागि अमेरिकी डलर ३७ हजार ८०० र सेवाको लागि अमेरिकी डलर १५ हजार १५० छ ।

मूल्य अभिवृद्धि करको दर्ता सीमा मुद्रा स्फीतिको कारणले वास्तविक मूल्यमा घट्दै जान्छ । त्यसैले यसलाई विभिन्न देशहरूले समय समयमा बढाउँदै जान्छन् । उदाहरणका लागि बंगलादेशमा सन् १९९१ मा मूल्य अभिवृद्धि कर लगाउँदा करको दर्ता सीमा बंगलादेशी टाका ५ लाख थियो भने यसलाई क्रमश: बढाउँदै सन् २०१०/११ मा ६० लाख गरिएको थियो । सो सीमा सन् २०२१/२२ मा बंगलादेशी टाका ३ करोड कायम गरिएको छ ।

यसैगरी श्रीलंकामा सन् १९९८ मा वस्तु र सेवा करको नामले मूल्य अभिवृद्धि कर सुरु गर्दा कर छुटको चौमासिक सीमा श्रीलंकन रूपैयाँ ५ लाख र वार्षिक सीमा श्रीलंकन रूपैयाँ १८ लाख थियो भने यसलाई सन् २००९ मा चौमासिक सीमा बढाएर श्रीलंकन रूपैयाँ ६ लाख ५० हजार र वार्षिक सीमा बढाएर श्रीलंकन रूपैयाँ २५ लाख गरिएको थियो । श्रीलंकाको कर दर्ता सीमा २०२१/२२ मा चौमासिक दर्ता सीमा श्रीलंकन रूपैयाँ साढे सात करोड र वार्षिक दर्ता सीमा श्रीलंकन रूपैयाँ ३० करोड कायम गरिएको छ ।

न्यूजिल्याण्डमा सन् १९८६ मा मूल्य अभिवृद्धि कर लागु गर्दा दर्ता सीमा न्यूजिल्याण्ड डलर २४ हजार भएकोमा त्यसलाई क्रमश: बढाउँदै हाल न्यूजिल्याण्ड डलर ६० हजार कायम गरेको तथ्य माथि प्रस्तुत गरिसकिएको छ ।

## भावी मार्गचित्र

दर्ता सीमा मूल्य अभिवृद्धि करको अभिन्न अंग जस्तै हो । विभिन्न देशमा कर लाग्ने वस्तु तथा सेवाको कारोबार विगत १२ महिनामा दर्ता सीमा भन्दा बढी भएमा वा आगामी १२ महिनाभित्र दर्ता सीमाभन्दा बढी हुने भएमा मूल्य अभिवृद्धि करको प्रयोजनका लागि अनिवार्य रूपमा दर्ता हुनु पर्दछ । यस्तो दर्ता सीमा प्रशासनिक क्षमता, उद्योग वाणिज्य क्षेत्रमा लेखा राख्न सक्ने स्थिति, राजस्वको आवश्यकता लगायतका कुरालाई विचार गरेर तोक्ने गरिन्छ ।

नेपालमा पनि मूल्य अभिवृद्धि कर ऐन नियम तर्जुमा गर्ने समयमा दर्ता सीमाबारे सानो सवेक्षण गरिएको थियो । त्यसैको आधारमा रु. २० लाखको दर्ता सीमा कायम गरिएको थियो ।

अन्तर्राष्ट्रिय जगतमा वस्तु र सेवाको लागि एउटै दर्ता सीमा तोक्ने असल अभ्यास छ । यसरी एउटै दर्ता सीमा भएमा कुन वस्तु हो र कुन सेवा हो भनेर छुट्याउनु पर्दैन । त्यस्तो अवस्थामा करको दायित्व घटाउने आदि उद्देश्यले वस्तुलाई सेवा वा सेवालाई वस्तु भनेर वर्गीकरण गर्ने संभावना रहँदैन । वस्तु तथा सेवा दुवैको लागि एउटै दर्ता सीमा कायम गरिएमा मूल्य अभिवृद्धि कर प्रशासन सरल हुन्छ । यस्तो व्यवस्था पारदर्शिता र सुशासनका हिसाबले पनि राम्रो मानिन्छ । यो कुरा हाम्रो लागि पनि त्यतिकै सान्दर्भिक भएकोले हालको वस्तु र सेवाको लागि छुट्टाछुट्टै दर्ता सीमा कायम गर्ने व्यवस्थालाई अन्त्य गरेर वस्तु तथा सेवा दुवैको लागि एउटै दर्ता सीमा कायम गरिनुपर्दछ ।

मूल्य अभिवृद्धि करमा दर्ता सीमामुनिको कर लाग्ने वस्तु तथा सेवाको कारोबार गर्ने व्यक्तिले स्वेच्छाले दर्ता हुन पाउँछन् । नेपालमा पनि यस किसिमको स्वेच्छिक दर्ताको व्यवस्था छ र त्यसलाई भविष्यमा पनि निरन्तरता दिनुपर्दछ ।

मूल्य अभिवृद्धि कर दर्ता सीमा मुद्रास्फीतिका कारणले वास्तविक मूल्यमा कम हुँदै जाने भएकोले यसलाई मुद्रा स्फीतिको आधारमा बराबर समायोजन गर्ने अन्तर्राष्ट्रिय सामान्य प्रचलन छ । नेपालमा मूल्य अभिवृद्धि करको हाल लागु भैरहेको दर्ता सीमा कायम गरेको ८ वर्ष भैसक्यो र मुद्रा स्फीतिको कारणले यो सीमा वास्तविक मूल्यमा उल्लेख्य रूपमा न्यून भैसककोले यसलाई बढाउनु पर्दछ ।

नेपालमा २०६२ सालमा लहडको भरमा महानगरपालिका, उपमहानगरपालिका तथा नगर पालिका क्षेत्रभित्र हार्डवेयर, सेनिटरी, फर्निचर तथा फिक्स्चर, फर्निसिङ्ग, अटोमोबाइल्स, इलेक्ट्रोनिक्स र मार्बलको कारोबार गर्नेले अनिवार्य रूपमा करमा दर्ता गर्नुपर्ने व्यवस्था गरिएको थियो र यसरी अनिवार्य रूपमा दर्ता हुने वस्तु तथा सेवाको संख्या पछिल्ला वर्षहरूमा बढाइएको थियो । यसको अर्थ यी वस्तुको कारोबार गर्ने करदाताका लागि मूल्य अभिवृद्धि करको दर्ता सीमा शून्य कायम गरिएको थियो ।

यो व्यवस्था मूल्य अभिवृद्धि करको सिद्धान्त तथा अन्तर्राष्ट्रिय असल अभ्यास विपरित भएको मात्र नभै कुनै अध्ययन तथा अनुसन्धान विना लागु गरिएको थियो । यसबाट मूल्य अभिवृद्धि कर कार्यान्वयन कुनै सकारात्मक असर नपरेर विकृति तथा विसंगति मात्र सिर्जना हुने निश्चित थियो र भयो । यसैले तोकिएका वस्तुमा मूल्य अभिवृद्धि कर दर्ता सीमा शून्य कायम गर्ने व्यवस्था २०७८ सालमा अन्त्य गरिएको थियो र दर्ता सीमा शून्य गर्ने जस्तो दुश्प्रयास भविष्यमा दोहोर्‍याउनु हुँदैन ।

अन्त्यमा, दर्ता सीमा मूल्य अभिवृद्धि करको अभिन्न अंग हो र यसलाई समसामयिक बनाउँदै जानु पर्दछ । २०७२ सालमा वस्तुको लागि कायम गरिएको रु. ५० लाख र २०७३ सालमा सेवाको लागि कायम गरिएको रु. २० लाखको दर्ता सीमा मुद्रा स्फीतिका आधारमा बढाउन आवश्यक छ । मूल्य अभिवृद्धि करको मूल मान्यता अनुरूप वस्तु तथा सेवाको लागि एउटै दर्ता सीमा कायम गरिनुपर्दछ । दर्ता सीमाभन्दा बढीको कारोबार गर्ने सबै उद्योगी, व्यापारी तथा व्यवसायीलाई अनुसन्धान तथा अनुगमन जस्ता प्रशासनिक माध्यमको प्रयोग गरी करको दायराभित्र ल्याइनुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

# पाँच स्टार खेलाडी जो कतार विश्वकपपछि सन्यास लिने योजनामा छन्

काठमाडौं/पोर्चुगलका स्टार खेलाडी क्रिस्टियानो रोनाल्डो र अर्जेन्टिनाका स्टार खेलाडी लियोनेल मेस्सीका लागि यो विश्वकप नै अन्तिम हुने आकलन गरिएको छ ।

दुवै खेलाडी यो विश्वकपसँगै अन्तर्राष्ट्रिय फुटबल करियरबाट सन्यास लिने तयारीमा छन् । पोर्चुगिज स्टार रोनाल्डोले यो विश्वकप जितेपछि आफूले अन्तर ष्ट्रिय फुटबलबाट सन्यास लिने बताइसकेका छन् ।

देशका लागि एक मुख्य उपाधि जित्न सफल भएका दुवै खेलाडी विश्वकपको ट्रफी उचाल्ने दाउमा छन् । यता फ्रेन्च स्टार करिम बेन्जिमा पनि यो विश्वकपबाट सन्यास लिने योजनामा छन् ।

युरो कपबाट राष्ट्रिय टोलीमा पुनरागमन गरेका बेन्जिमाका लागि यो अन्तिम विश्वकपका रूपमा रहेको बताइएको छ ।



### क्रिस्टियानो रोनाल्डो

सन् २००३ बाट राष्ट्रिय टोलीमा परेका रोनाल्डोले चार विश्वकप खेलिसकेका छन् । सन् २००६ बाट विश्वकप फुटबल खेल्न थालेका उनले हाल पोर्चुगलको राष्ट्रिय टोलीको नेतृत्व गरेका छन् ।

३७ वर्षीय रोनाल्डोले देशका लागि १९१ खेल खेल्दै ११७ गोल गरेका छन् । पोर्चुगल हालसम्म विश्वकपको फाइनलमा पुगेको छैन । सन् १९६६ मा विश्वकपको तेस्रो स्थानमा आएको पोर्चुगल सन् २००६ मा चौथोमा रहेको थियो । त्यसपछि भने सेमिफाइनलमा पुग्न सकेको छैन ।

रोनाल्डो यो पटक भने देशलाई विश्वकप उपाधि जिताउने योजनामा छन् । उनी यो पटक देशलाई विश्वकपको उपाधि जिताएर सन्यास लिने मुडमा छन् ।

### लियोनेल मेस्सी

अर्जेन्टिनाको स्टार खेलाडी लियोनेल मेस्सीले देशका लागि हालसम्म विश्वकप जिताउन सकेका छैनन् । सन् २०१४ को विश्वकपमा फाइनल पुगेको अर्जेन्टिनाले जर्मनीसँग पराजित हुँदै दोस्रो स्थानमा चित्त बुझाउनुपर्‍यो ।

३५ वर्ष पुगेका मेस्सी सन् २००६ बाट विश्वकप खेल्न सुरु गरेका हुन् । मेस्सीले हालसम्म राष्ट्रिय टोलीका लागि १६५ खेल खेल्दै ९१ गोल गरेका छन् ।

मेस्सी पनि यो विश्वकपमा देशलाई ट्रफी दिलाएर सन्यास लिने योजनामा छन् । अर्जेन्टिनाले यसअघि १९७८ र १९८६ मा विश्वकपको उपाधि जितेको थियो । अब मेस्सी देशका लागि तेस्रो उपाधि दिलाउँदै सन्यास लिने योजनामा छन् ।

### करिम बेन्जिमा

फ्रान्सका लागि उत्कृष्ट फममा रहेका खेलाडीमध्येका एक हुन् करिम बेन्जिमा । सन् २००७ मा राष्ट्रिय टोलीमा परेका बेन्जिमाले हालसम्म देशका लागि एक विश्वकप खेल्न पाएका छन् ।

सन् २०१४ को विश्वकप खेलेका बेन्जिमा बलत्कारको ओरोपमा एउटा विश्वकप गुमाए । सन् २०१० को विश्वकपमा उनी छनोट भएनन् ।

लामो समयपछि राष्ट्रिय टोलीमा कमब्याक भएका उनले यो विश्वकपलाई सदुपयोग गर्दै राष्ट्रिय टोलीबाट सन्यास लिने योजना बनाएका छन् । ३४ वर्षीय बेन्जिमा सन् २००४ मा फ्रान्सको यू-१७ राष्ट्रिय टोलीमा समावेश हुँदै देशका लागि फुटबल यात्रा सुरु गरेका थिए ।

सन् २००७ बाट उनले राष्ट्रिय टोलीका लागि ९७ खेल खेल्दै ३७ गोल गरेका छन् ।

### थोमस मुलर

३३ वर्षीय मुलरले २०१४ को विश्वकपमा पाँच गोल गरे र त्यसपछि जर्मनी र बायर्न म्युनिखको लागि लगभग सधैं टिममा महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । सन् २०१८ को विश्वकपमा डिफेन्डिङ च्याम्पियनका रूपमा कमजोर प्रदर्शन गरेपछि जर्मनी समूह चरणबाटै बाहिरिएको थियो ।

त्यसपछि प्रशिक्षक जोआकिम लोउले सन् २०१९ मा छाडेका थिए । त्यसपछि मुलर युरोकपका लागि राष्ट्रिय टोलीमा आएका थिए । मुलरले सन् २०१० बाट राष्ट्रिय टोलीमा रहँदै ११८ खेलमा ४४ गोल गरेका छन् ।

### लुइस सुआरेज

१३४ गोलसहित उरुग्वेका सर्वाधिक गोलकर्ता ३५ वर्षीय सुआरेज चौथो विश्वकप खेल्ने तयारीमा छन् । आयाक्स, लिभरपुल, बार्सिलोना र एट्लेटिको म्याड्रिडमा लामो समय बिताएका उनी आफ्नो पहिलो क्लब नेसियोनलमा अनुबन्ध छन् ।


इटालीका डिफेन्डर जर्जियो किएलिनीलाई काँधमा टोकेका कारण सुआरेज २०१४ को विश्वकपबाट बाहिरिएका थिए । सुआरेजले एट्लेटिकोलाई आफ्नो पहिलो सिजन २०२१ मा क्लबसँग ला लिगा उपाधि जिताउन महत्त्वपूर्ण भूमिका खेलेका थिए ।

उनले रोनाल्डोसँग बार्सिलोनामा हुँदा खेलिरहेका थिए । उरुग्वे अहिले समूह चरणको खेलमा पोर्चुगलसँग खेल्नेछ ।

# ‘उचाईं’लाई नेपालमा विकास शुल्क मिनाहा गर्न कृष्ण मल्लको आग्रह

काठमाडौं/नेपालमा वर्षेनि कयैन् विदेशी फिल्मको छायांकन हुने गर्छन् । तर, एकाध फिल्मले मात्र नेपालको सुन्दरतालाई महत्व दिन्छन् । यतिबेला प्रदर्शनरत बलिउड फिल्म ‘उचाईं’ले भने नेपाल प्राकृतिक रुपमा कति सुन्दर र धनी छ भन्ने कुरा संसारलाई देखाएको छ । फिल्म हेर्नेको ध्यान नेपालको सुन्दरताले बढी खिच्छ । यसले नेपालको पर्यटन प्रवर्द्धनमा ठूलो भूमिका खेल्न सक्ने देखिन्छ ।

फिल्मको मूल कथा सगरमाथासँग जोडिएको छ । प्रत्यक्ष रुपमा सगरमाथा हेर्न चाहेको एक साथीको सपना पूरा गर्न तीन साथीले गर्ने पदयात्रामा फिल्म आधारित छ । फिल्मले भारतीय बक्सअफिसमा आक्रामक प्रदर्शन गर्न नसकेता पनि नेपालको सुन्दरताको भने व्यापक चर्चा भइरहेको छ । सुन्दर दृश्य खिच्न स्विजरल्यान्ड पुग्ने बलिउडकर्मीलाई ‘उचाईं’ले नेपालको सुन्दरता देखाएको छ ।




नेपाल पर्यटन बोर्डले नेपालको पर्यटन प्रवर्द्धनमा ‘उचाईं’ कोशेढुंगा सावित हुने विश्वास लिएको छ । त्यसैले फिल्मका निर्देशकदेखि कलाकारसम्मलाई विशेष सम्मान गर्ने तयारीमा बोर्ड छ । बोर्डले शुक्रवार राजधानीको एक हल बुक गरेर विभिन्न व्यक्तिलाई फिल्म पनि देखायो । फिल्म हेरि सकेपछि कलाकार कृष्ण मल्लले ‘उचाईं’लाई १५ प्रतिशत विकास शुल्क मिनाहा गर्न आग्रह गरेका छन् ।

उनले फिल्ममा अभिनय गर्ने हरेक कलाकारहरुको अभिनयको प्रशंसा गर्दै फेसबुकमा लेखेका छन्, ‘सुरज बडजात्या जस्ता महान् शिल्पकारको निर्देशनमा बनेको यो फिल्मले नेपाली पर्यटन क्षेत्रमा ठूलो योगदान त दिनेछ नै, साथै नेपाल र भारतको जनस्तरमा रहेको सम्बन्धलाई अझ घनिष्ठ बनाउँछ भन्ने मेरो धारणा छ ।’ संसारमा यो फिल्मले नेपालको उचाई बढाएको उनको भनाई छ ।

‘फिल्मको निर्माता, निर्देशक र कलाकारलाई नेपालमा बोलाएर सम्मान गर्न जरुरी छ, ताकि भविष्यमा यस्ता किसिमका फिल्म बनाउन प्रोत्साहन मिलोस्,’ उनले अगाडि लेखेका छन्, ‘सकिन्छ भने फिल्मलाई विकास शुल्क मिनाहा गरियोस् र यसका नेपालका वितरकलाई रकमसहित विशेष पुरस्कार दिइओस् ।’ अन्य फिल्मकर्मीहरुले पनि फिल्मको टिमलाई धन्यवाद व्यक्त गरेका छन् ।

“तपाईं हामी सबैको कुरा”

साझाकुरा



कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

वेबसाइडमा: www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला।
साझाकुरा वेबसाइटमा सजिलै पढ्न सकिने छ ।

# रोनाल्डोसँगको करार रद्द गर्ने तयारीमा युनाइटेड

पियर्स मोर्गनसँगको सनसनीपूर्ण अन्तवार्तापछि म्यानचेस्टर युनाइटेडले क्रिस्टियानो रोनाल्डोको करार रद्द गर्ने तयारी गरेको छ । द एथ्लेटिकका अनुसार युनाइटेडले रोनाल्डोमाथि कानुनी कारबाहीको तयार गर्दै उनीसँगको करार भंग गर्ने सोच बनाएको हो ।

शुक्रबार मात्र युनाइटेडले ‘आवश्यक कदम’ चाल्ने बताउँदै विज्ञप्ति जारी गरेको हो । ३७ वर्षीय पोर्चुगिज खेलाडीले मोगर्नको टक टिभीमा गरेको अन्तवार्तामा युनाइटेडका मालिकदेखि खेलाडी र म्यानेजरसम्मको आलोचना गरेका थिए । उनको अन्तवार्तापछि युनाइटेडकै पूर्व खेलाडी ग्यारी नेभिलले रोनाल्डोलाई बर्खास्त गर्नुपर्ने माग गरेका थिए । अन्तरवार्तामा रोनाल्डोले ‘सम्झौताका बुँदा’ उल्लैन गरेको युनाइटेडले ठहर गरेमा उनको करार भंग गर्ने एथ्लेटिकको भनाई छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# प्रेम र मित्रता बोल्ने ‘सरी मम’को गीत



काठमाडौं/लागू औषध विरुद्धको सन्देशसहित निर्माण भएको फिल्म ‘सरी मम’मा समावेश ‘नि:स्वार्थ माया’ बोलको रोमान्टिक थिमको गीत सार्वजनिक भएको छ । शुक्रवार साँझ यूट्युब रिलिज गरिएको गीतमा प्रज्वल श्रेष्ठको स्वर रहेको छ भने प्रज्वलले नै शब्द तथा संगीत संयोजनको काम गरेका छन् । यो गीतले फिल्मका युवा पात्रहरुको प्रेम र मित्रता बोल्छ । गीतको अडियो पक्ष बलियो छ ।

यही मंसिर १५ गतेबाट बागमती प्रदेशमा मात्र प्रदर्शनमा आउन लागेको फिल्मलाई हलमा प्रदर्शनपश्चात् लक्षित वर्गसम्म पुर्‍याउने अभियान थालिने निर्माता विनोद लामाले बताएका छन् ।

फिल्ममा सरोज खनाल, सरिता लामिछाने, एलिस राई, प्रभात पल, प्रविल कडेल, आरबि कटुवाल, बिहान श्रेष्ठ, युनिसा बजगाइँ, रेजिना मगर, सरोज बखुरेल, लालमणि भण्डारीलगायतको अभिनय छ ।

एनएफआई क्रियशनको ब्यानरमा नविन बोगटीले निर्देशन गरेको फिल्ममा दिर्घ गुरुङको छायांकन र प्रितम पाण्डेको सम्पादन रहेको छ । आयुष बुढाथोकी र सरोज पौडेलले संयुक्त रुपमा लेखेको फिल्मका निर्मातामा सिनेटर खेमराज अधिकारी र रोजिता तामाङ पनि छन् । किशोरावस्था र युवापुस्ताका दर्शकलाई लक्षित गरेर फिल्म निर्माण गरिएको निर्देशक बोगटीले जानकारी दिए ।







हेटौंडा, ३ मंसिर/मकवानपुरमा आज आइतबार हुने प्रतिनिधिसभा र प्रदेश निर्वाचनको तयारी पूरा भएको छ । जिल्लाका १ सय ६७ मतदान स्थल र ३ सय ६६ वटा मतदान केन्द्र तयारीमा अवस्थामा रहेका छन् । मकवानपुरमा मतदाताहरुका लागि मत दिन मतदान केन्द्र तयारी भइसकेको मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले जानकारी दिए । मकवानपुरको दुई वटा प्रतिनिधिसभा र ४ वटा प्रदेशसभा निर्वाचन क्षेत्रमा राजनीतिक दल र स्वतन्त्र गरी ६० जना भन्दा बढी उम्मेदवार प्रतिस्पर्धाको मैदानमा छन् । मकवानपुरमा ३ लाख ७ हजार ३३ मतदाता छन् । जसमा १ लाख ५३ हजार ५ सय २८ पुरुष, १ लाख ४७ हजार २ सय महिला र अन्य ५ जना छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार जिल्लाका १० वटै स्थानीय तहमा निर्वाचन क्षेत्रमा मतदान केन्द्रहरुको निर्माण गरी सकिएको छ । जिल्लाका १० वटा मतदान स्थल अपाङमैत्री बनाइएको छ । ती सबै मतदानस्थल हेटौंडा उपमहानगरपालिका भित्र रहेका छन् । हेटौंडा-४, स्थित भुटनदेवी मावि, ५ नम्बर वडाको बालज्योति मावि, ७ नम्बर वडाको नवज्योति मावि, १५ नम्बर वडा कार्यालय रातोमाटे, १ नम्बर वडास्थित रोपवे क्षेत्र, ३ नम्बर वडाको महेन्द्र किरण मावि, २ नम्बर वडाको सिद्धार्थ मावि, १६ नम्बर वडाको जनप्रिय उच्च मावि, १२ नम्बर वडाको विष्णुज्योति आधारभूत विद्यालय र १० नम्बर वडाको ज्ञानदा माविमा अपाङमैत्री मतदान स्थल निर्माण गरिएको प्रदेश निर्वाचन कार्यालयका प्रमुख लुम्बनाथ पोखरेलले जानकारी दिएका छन् । मतदान गर्ने ठाउँसम्म पुग्न अपाङ्गता भएका व्यक्तिहरुलाई छुट्टै लाइन बस्नुपर्ने गरी सहजता मिलाइएको पोखरेलले बताए । शुक्रबारदेखि मतदान केन्द्रहरुमा गाउँमै उपलब्ध बाँस, डोरीलगायतले मतदान केन्द्रहरुमा छेकबार लगाउने कार्य गरिएको थियो । मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले निर्वाचनको तयारी सकिएको बताए । उनले जिल्लास्थित सबै मतदान केन्द्रहरुमा सबै प्रकारका निर्वाचन सामग्री पुगेर मतदानका लागि तयारी अवस्थामा रहेको बताए । हेटौंडा उपमहानगरपालिकाको १३ वटा, मकवानपुरगढी र भीमफेदी गाउँपालिकामा रहेका मतदान केन्द्रहरुमा शुक्रबारसम्म मतपत्र भने पुगेको थिएन् । उक्त स्थानका मतदान केन्द्रमा पनि शनिवार मतपत्र पुगेको छ ।

# १ बजेभित्र मटपेटिका हेटौंडा ल्याइने, सोमबारबाट मतगणना

साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/आज आइतबार हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई शान्ति पूर्ण बनाउन जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय, प्रदेश निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय लगायत जिल्लाका सबै संयन्त्र तयारी अवस्थामा बसेका छन् ।

मकवानपुरका ३ सय ६६ वटा मतदान केन्द्रबाट दुई जना प्रतिनिधिसभा सदस्य र ४ जना प्रदेशसभा सदस्य चुन्नका लागि मतदान हुदैछ । मतदान केन्द्रहरुमा सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र म्यादी प्रहरी गरी ३ हजार भन्दा बढी सुरक्षाकर्मीहरु खटिएका छन् । निर्वाचन गराउन शिक्षक सहित ३ हजार बढी कर्मचारी समेत खटिएका छन् । जिल्लाका १९ वटा अति संवेदनशील र ६० वटा संवेदनशील मतदान केन्द्रमा विशेष सुरक्षा निगरानी गरिएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेले जानकारी दिए ।

आइतबार मतदान सकिएपछि राती १ बजेभित्र सदर मुकाम हेटौंडामा सबै मतपेटिकाहरु ल्याइसक्ने तयारी निर्वाचन अधिकृतको कार्यालयको छ । सुरक्षा निकायको निगरानीमा मटपेटिकाहरु हेटौंडा उपमहानगरपालिका-२, स्थित सिदार्थ माध्यमिक विद्यालयमा ल्याइने मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले जानकारी दिएका छन् । जिल्लाको दुई वटा प्रतिनिधिसभा क्षेत्र र चार वटा प्रदेशसभा निर्वाचन क्षेत्रको मतगणना सिदार्थ माविबाटै हुनेछ । विद्यालयमा ८ वटा कोठामा मतगणना स्थलको निर्माण भइसकेको छ । मतगणना स्थलमा तारजाली, सीसी क्यामेरासहितको सुरक्षा प्रबन्ध मिलाइएको निरौलाले बताए ।



मकवानपुरमा मतगणना भने सोमबार बिहानबाट सुरु गरिने मुख्य निर्वाचन अधिकृत निरौलाले जानकारी दिएका छन् । काठमाडौं स्थित निर्वाचन आयोगले भने आज मतदान सकिएपछि सुगम क्षेत्रमा मतगणना पनि सुरु गरिने जनाएको छ ।

मकवानपुरका विकट राक्सिराङ, कैलाश, बागमती, बकैया, इन्द्रसरोबर गाउँपालिकाबाट मतपेटिका ल्याउन ढिलाई हुने देखिन्छ । तर, सबै संयुन्त्र प्रयोग गरेर सोमबार बिहान १ बजेभित्र सबै मतपेटिका हेटौंडा ल्याइसक्ने निरौलाले बताए । बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान हुनेछ । मतदान सकिएसँगै मतपेटिका हेटौंडा ल्याउने तयारीमा जुट्ने उनले बताए ।

मतदान सकिएपछि मतपेटिका संकलन गरी सर्वदलीय बैठक बसेर मत गणना सुरु गरिने भएको छ । मुख्य निर्वाचन अधिकृत निरौलाले राती अबेरसम्म मतपेटिका ल्याइसकेपछि सोमबारबाट मतगणना गरिने जानकारी दिए । विगतका निर्वाचनमा भने मतपेटिका ल्याएसँगै सर्वदलीय बैठक बसेर तत्काल मतगणना सुरु हुने गरेको थियो ।

**सिद्धार्थ माविमा मतगणना हुने**

मकवानपुरको दुई प्रतिनिधिसभा र चार प्रदेशसभा सदस्य निर्वाचनको मतगणना हेटौंडा उपमहानगरपालिका-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयमा हुने भएको छ ।

गत वैशाख ३० मा सम्पन्न स्थानीय तहको निर्वाचनमा हेटौंडा उपमहानगरपालिकाको मतगणना पनि सिद्धार्थ माध्यमिक विद्यालयमा नै गरिएको थियो । शनिबार निर्वाचन अधिकृतको कार्यालय मकवानपुरले सुचना जारी गरी मतगणना स्थलको जानकारी दिएको हो । मतगणना स्थलमा सीसीटीभी जडान गरिएको मकवानपुरका मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले जानकारी दिए । मतगणना स्थलमा तारजाली सहितको घेरबार समेत गरिएको निरौलाले बताए । मुख्य निर्वाचन अधिकृत निरौलाका अनुसार मकवानपुरको १ सय ६५ वटै मतदानस्थलमा आवस्यक सामग्रीसहित निर्वाचनमा खटाइएका कर्मचारी र सुरक्षाकर्मी पुगेर धमाधम मतदान केन्द्रहरु निर्माणको तयारी गरिरहेका छन् ।

मकवानपुरमा १६७ वटा मतदानस्थल र दुई अस्थायी सहित ३६४ वटा मतदान केन्द्र छन् । मतदानकेन्द्र मध्ये मकवानपुर-१ मा १७२ वटा र मकवानपुर-२ मा १९२ मतदान केन्द्र रहो छन् । निर्वाचन सम्पन्न गर्न करिब ३ हजार जना कर्मचारी परिचालन गरिएको निरौलाले बताए । मकवानपुरका दुई निर्वाचन क्षेत्रमा गरेर तीन लाख ७३३ मतदाता रहेका छन् । जसमा प्रतिनिधिसभा क्षेत्र नम्वर १ मा १ लाख ५० हजार १५५ र क्षेत्र नम्वर २ मा १ लाख ५० हजार ५७८ मतदाता रहेका छन् । प्रतिनिधि दुई र प्रदेशसभा चार गरी कुल छ पदका लागि ६९ जना चुनावी प्रतिस्पर्धामा छन् ।

# मानव अधिकार आयोगले खटायो निर्वाचन पर्यवेक्षक




साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/आज आईतबार हुन लागेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको लागि राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडाले अनुगमनका लागि ४ वटा टोली खटाएको छ ।

निर्वाचनको पर्यवेक्षण गर्नका लागि मानव अधिकार आयोगले बागमती प्रदेशको जिल्लाहरुमा पर्यवेक्षण टोलि खटाएको हो । टोलीले निर्वाचनको दिन, निर्वाचन पश्चात मत गणना, विजय ऱ्याली तथा सभाहरुको समेत मानव अधिकार दृष्टिकोणबाट अनुगमन गर्ने छ ।

अनुगमनका लागि बागमती प्रदेशका कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीको नेतृत्वमा लोकनाथ घिमिरे र निर्मला बोगटीलाई काठमाडौं र ललितपुर जिल्लामा, मानव अधिकार अधिकृत रेवा रेग्मीको नेतृत्वमा रारा कर्माचार्यको टोलीलाइ काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लामा, मानव अधिकार अधिकृत लक्ष्मी पौडेल नेतृत्वमा अस्मिता पोखरेललाई रामेछाप र सिन्धुली जिल्लामा, पवित्रा भण्डारीको नेतृत्वमा विजया उप्रेती मैनालीलाई मकवानपुर र चितवन जिल्लामा अनुगमनका लागि खटाएको छ ।

यसै गरी आयोगले प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन अनुगमनका लागि १० वटा उच्च स्तरीय टोलीलाई समेत निर्वाचनको दिन अनुगमनका लागि विभिन्न जिल्लामा खटाएको छ । उच्चस्तरीय टोलीमा आयोगका अध्यक्ष तपबहादुर मगरको नेतृत्वमा विरबहादुर बुढामगरको टोलीले काठमाण्डौ र ललितपुर जिल्लामा अनुगमन गर्ने छ ।

आयोगका सदस्य मनोज दुवाडी नेतृत्वको टोलीले काभ्रेपलाञ्चोक तथा भक्तपुर जिल्लामा, सदस्य लिली थापा नेतृत्वको टोलीले काठमाण्डौको क्षेत्र नं ६,७ र ८ मा आयोगका पुर्व सदस्य गौरी प्रधान नेतृत्वको टोलीले नुवाकोट जिल्लामा तथा आयोगका पूर्व सदस्य सुशील प्याकुरेल नेतृत्वको टोलीले दोलखा र रामेछाप जिल्लामा तथा आयोगका पूर्व सदस्य सुदीप पाठकको टोलीले काठमाण्डौ क्षेत्र नं ६, ७ तथा ललितपुर जिल्लामा अनुगमन गर्ने भएको छ ।

आयोगका कामु सचिव मुरारिप्रसाद खरेल नेतृत्वको टोलीले काठमाण्डौ क्षेत्र नं ३ तथा सहसचिव डा. टिकाराम नेतृत्वको टोलीले भक्तपुर क्षेत्रनं १ र २, सहसचिव सम्झना शर्माको टोलीले काठमाडौं क्षेत्र नं १ र २ मा उपसचिव नितु गर्तोलाको टोलीले ललितपुर क्षेत्र नं १ र २, सहसचिव नवराज सापकोटा नेतृत्वको टोलीले धादिंग जिल्ला र उपसचिप झकरबहादुर रावल नेतृत्वको टोलीले रसुवा र नुवाकोट जिल्लामा अनुगमन गर्ने छ ।

# भीमफेदी कारागारका २८ कैदीबन्दीले मतदान गर्दै



साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/आज देशैभरि एकैपटक प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुँदैछ ।

पहिलोपटक मकवानपुरको भीमफेदी कारागारका कैदीबन्दीहरु पनि निर्वाचनमा सहभागी हुँदैछन् । आज हुन लागेको आमनिर्वाचनमा भीमफेदी कारागारमा रहेका कैदीबन्दीले कारागारबाटै पहिलोपटक मतदान गर्न लागेका हुन् ।

कारागारका जेलर तिर्थराज पौडेलका अनुसार कैदीबन्दीलाई कारागारबाटै मतदान गराउन तयारी सम्पन्न भइसकेको छ । उनले कारगारमा रहेका ९ सय ८९ जना कैदीबन्दी मध्ये मतदाता नामावलीमा नाम भएका २८ कैदीबन्दीले मात्र मतदान गर्न पाउने भएको बताए । यसअघि, ९८ जना कैदीबन्दीले मतदान गर्न पाउने भनिएकोमा कागजपत्र पुगेका २८ कैदीबन्दीले मात्र मतदान गर्न पाउने भएको जेलर पौडेलले बताए । निर्वाचन आयोगले मतदाता नामावलीमा नाम समावेश भई निर्वाचन कसुरमा सजाय पाएका बाहेकका कैदीबन्दीले प्रतिनिधिसभाको समानुपातिकतर्फ मतदान गर्न पाउने व्यवस्था मिलाएको छ ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.




**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसावको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

